नेपाल सरकार
गृह मन्त्रालय
☎०६५ - ५६३२७४
५६३१०९

# जिल्ला प्रशासन कार्यालय

तनहुँ

पत्र संख्याः-०७९।८०
च.नं:- 2996

मितिः- २०७९/१०/१९

विषयः- निर्णय प्रति पठाइएको सम्बन्धमा।

श्री गृह मन्त्रालय,
(योजना, अनुगमन तथा मूल्याङ्कन शाखा)
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा मिति २०७९/१०/१७ गते भएको कार्यालय प्रमुखहरूको बैठकको निर्णय पाना-२ यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..........
(नविन रेग्मी)
प्रशासकीय अधिकृत

## मिति २०७९/१०/१७ गतेको कार्यालय प्रमुखको बैठकका निर्णयहरु:

१. जिल्लास्थित सरकारी कार्यालयका प्रमुखहरूसँग परिचय तथा समसामयिक विषयमा छलफल एवं समीक्षा गरियो।

२. बिद्युत, टेलिफोन, ईन्टरनेट तथा केबुल सेवा प्रदायकहरूले सेवा प्रवाह गर्दा तानिएका तारहरू व्यवस्थित गर्ने सम्बन्धमा सरोकारवालाहरुसँग समन्वय बैठक गर्ने र यस कार्यको संयोजन सहायक प्रमुख जिल्ला अधिकारीले गर्ने।

३. मापसे चेकजाँचका लागि जिल्ला ट्राफिक कार्यालयसँग ब्रेथलाईजरको संख्या अत्यन्त न्युन रहेको, मादक पदार्थ सेवन गरी सवारी साधन चलाउँदा सवारी दुर्घटना हुने सम्भावना उच्च हुने भएको हुँदा हाल जिल्लामा सवारी साधन दुर्घटनाको दर बढ्दै गईरहेको छ। यसै तथ्यलाई मध्यनजर गरी कम्तिमा ६ थान ब्रेथलाईजर उपलब्ध गराईदिनका लागि प्रदेश ट्राफिक प्रहरी कार्यालय, गण्डकी प्रदेश, पोखरालाई अनुरोध गर्ने।

४. मापसे चेकजाँचमा कडाई गर्ने। मापसे गरी सवारी चलाउने चालकहरूलाई उनीहरूको सवारी चालक अनुमतिपत्र फिर्ता गर्नुपुर्व कम्तिमा २ घण्टाको अनुशिक्षण दिने। यस कार्यको संयोजन जिल्ला ट्राफिक प्रहरी कार्यालयले गर्ने र जिल्ला प्रहरी कार्यालयले आवश्यक सहयोग गर्ने।

५. पृथ्वी राजमार्गको निर्माण कार्य छिटो छरितो जैविक विविधता कायम गर्न र गुणस्तरीय तवरले सम्पन्न गर्नका लागि सरोकारवाला सबै निकायले आवश्यक सहयोग र समन्वय गर्ने। सडक किनारमा रहेका बिद्युतका पोलहरू नेपाल बिद्युत प्राधिकरणले समयमै स्थानान्तरण गर्ने। सडक बिस्तार गर्दा जैविक विविधता र वातावरणमा हुनसक्ने क्षतितर्फ सजग रहने।

६. प्रत्येक आर्थिक बर्षमा जिन्सी निरिक्षण गरी काम नलाग्ने जिन्सी सामग्रीहरूको नियमानुसार लिलाम बिक्री गर्नुपर्ने कानूनी प्रावधान बमोजिम यस आ. ब. मा सो कार्य गर्न बाँकी भएका कार्यालयहरुले अबिलम्ब सो कार्य सम्पन्न गरी जिल्ला प्रशासन कार्यालयलाई समेत जानकारी दिने।

७. लेखा परीक्षणबाट औंल्याईएका बेरूजुहरू फछ्र्यौट गर्नुपर्ने भएमा फछ्र्यौट गर्न बाँकी रहेका सबै कार्यालयहरूले सो कार्यलाई उच्च प्राथमिकता दिई समयमै पुरा गर्ने।

८. आर्थिक प्रशासन शाखामा काम गर्ने कर्मचारीहरूको लागि ETDS र राजश्वका कोडहरू सम्बन्धी आधारभूत तालिम प्रदान गर्ने। यस कार्यको संयोजन कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्ने र लोजिष्टिकको प्रबन्ध आन्तरिक राजश्व कार्यालय, दमौलीले गर्ने।

९. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि प्रत्येक कार्यालयले उपलब्ध श्रोत साधनको दक्षतापुर्वक परिचालन गरी कार्यालयको काम कारवाहीलाई मितब्ययी बनाउने, कार्यालयभित्र र कार्यालय परिसरको सरसफाईमा उचित ध्यान पुर्‍याउने, सेवाग्राहीका निम्ति सहज कार्य वातावरणको सिर्जना गर्दै सरकारप्रति नागरिकको थप विश्वास र भरोशा जगाउने।

प्रमुख जिल्ला अधिकारी

१०. कार्यालय प्रमुखको बैठकमा आँउदा आ-आफ्नो कार्यालयको बस्तु स्थितिको बारेमा तयारीका साथ आउने। त्यस्तो बैठकले अन्तर निकाय समन्वय र समस्या समाधानमा सहयोग हुने भएकोले स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरू स्वय् उपस्थित हुने। अत्यावश्यक अवस्थामा उपस्थित हुन नसक्ने भएमा पूर्व जानकारी गराउने।

२०६५-१०-१६
प्रमुख जिल्ला अधिकारी